नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

फोन नं. : ५३४७९१२
५३४३९३९

बबरमहल
काठमाडौं, नेपाल।

पत्र संख्याः २०८३/०८४
च.नं. :

## सूचना नं. ०३/०८३-८४

## गैरकानूनी व्यापार व्यवसाय नगर्ने नगराउने सम्वन्धी सूचना !!!

बजारमा लेबल नभएका, कम गुणस्तर भएका, गैर-खाद्य पदार्थ मिसावटयुक्त तथा चोरी पैठारी गरिएका दैनिक उपभोगका अत्यावश्यक खाद्य तथा पेय पदार्थ, लत्ता कपडा लगायतका उत्पादनहरु भौतिक तथा डिजिटल प्लेटफर्मको माध्यमबाट बिक्री वितरण भइरहेको सम्बन्धमा प्राप्त उजुरी तथा गुनासोप्रति यस विभागको गम्भिर ध्यानाकर्षण भएको छ।

उपभोक्ता संरक्षण ऐन, २०७५ एवं नियमावली २०७६ ले उपभोक्ताले गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारलाई सुनिश्चित गरेको र कानून विपरितका कार्यहरू दण्डनीय रहेको वेहोरा सबैमा विदितै छ।

तसर्थ, सम्बन्धित सबै उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेताहरूलाई कानूनले तोकेबमोजिमको दायित्व तथा शर्त बन्देज परिपालना गरी व्यापार व्यवसाय सञ्चालन गर्न गराउन हुन सूचित गरिएको छ। उल्लिखित कानून विपरितका कार्यहरू भए गरेको पाइएमा कानून बमोजिम कडा भन्दा कडा कारवाही भई जाने वेहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

मितिः-२०८३/०४/०४

प्रवक्ता
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग